रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ रामग्राम, असोज १  गते, २०७७ साल संख्या ६

## भाग - २

## रामग्राम नगरपालिकाको कोरोना रोकथाम तथा उपचार कोष संचालन सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।२५

प्रस्तावना : विश्व महामारीको रुपमा फैलिएको कोरोना भारइस (कोभिड १९) बाट नेपाल साथै रामग्राम नगरपालिका पनि प्रभावित हुन पुगेको छ । यसबाट सिर्जित विपद्लाई उन्मुक्ति पाउनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट बिभिन्न प्रयासहरु भईरहेका छन् । यस किसिमको महामारी फैलिएका विश्वका सबै मुलुक सहित हाम्रो देश नेपाल पनि ११ चैत्र २०७६ देखि बन्दाबन्दी तथा निशेधाज्ञाको अवस्था पार गरी सकेको भएता पनि द्रुत रुपमा कोरोना भाईरसको संक्रमण समुदाय स्तरमा समेत फैलिने अवस्था छ । यसको रोकथाम, स्वास्थ्य जाँच,आईसोलेसन,उपचार, प्रभावित व्यक्तिहरुलाई राहत वितरण लगायत तत्काल आइपर्ने कार्यहरु यथा समयमा नै यथासिघ्र संचालन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसका लागि आवश्यक स्रोत जुटाउन तथा त्यसको परिचालन गरी तत्काल उद्धार,रोकथाम,न्यूनिकरण गर्न,उपचार तथा राहतका कार्यहरु संचालन र व्यवस्थापन गर्न रामग्राम नगरपालिकाले कोरोना रोकथाम तथा उपचार कोष  स्थापना गरी रामग्राम नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ र रामग्राम नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को  ४ ले दिएको अधिकार प्रयोग गरी यो नगर कार्यपालिकाको मिति २०७७०५।२५ गते स्वीकृत गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम रामग्राम नगरपालिकाको कोरोना रोकथाम तथा उपचार कोष संचालन सम्बन्धी कार्यविधि, २०७७

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "कार्यविधि" भन्नाले रामग्राम नगरपालिकाले स्थापना गरेको कोरोना रोकथाम तथा उपचार कोष संचालन सम्बन्धी कार्यविधि, २०७७ सम्झनु  पर्दछ।

(२) "नगरपालिका" भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्दछ।

(३) "नगर कार्यपालिका" भन्नाले रामग्राम नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(४) "प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(५) "उपप्रमुख" भन्नाले रामग्राम नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(७) "वडा कार्यालय" भन्नाले रामग्राम नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(८) "कोष" भन्नाले रामग्राम नगरपालिकाको कोरोना रोकथाम तथा उपचार कोष सम्झनु पर्दछ।

(९) "कार्य समिति" भन्नाले कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष,रामग्राम लाई संचालन गर्न गठन भएको दफा ४ बमोजिमको समिति सम्झनु पर्दछ।

३. उद्देश्य :

यस कार्यविधिको उद्देश्य कोरोना भाइरस (कोभिड १९) को रोकथाम, उपचार, क्वारेन्टाइन तथा आईसोलेसन संचालन र व्यवस्थापन, क्वारेन्टाइन र आईसोलेसनमा बसेका र अलपत्र परेका व्यक्तिहरुलाई गन्तव्यसम्म पुर्‍याउन, राहात वितरणका लागि स्थापना भएको कोषलाई व्यवस्थित गरी सो क्षेत्रमा तत्कालै व्यवस्थापनका कार्यहरु संचालन गर्नु रहेको छ।

४. कोष संचालन सम्बन्धी कार्य समिति

(१)कोषको व्यवस्थापन गर्नका लागि देहायको कार्यसमिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, | संयोजक |
| (ख) उप प्रमुख, | सदस्य |
| (ग) नगरपालिकाका विपद् व्यवस्थापन समितिका संयोजक, | सदस्य |
| (घ) नगर प्रमुखले तोकेको एक जना वडाध्यक्ष | सदस्य |
| (ङ) अध्यक्ष वा प्रतिनिधि नागरिक समाज,रामग्राम न.पा. | सदस्य |
| (च) अध्यक्ष वा प्रतिनिधि नेपाल रेडक्रस सोसाईटी,परासी शाखा | सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) कार्य समितिले आवश्यकता अनुसार वडाध्यक्षहरु र अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। कार्य समितिका पदाधिकारी र आमन्त्रित व्यक्तिहरुलाई समेत कार्यपालिका बैठक सरहको बैठक भत्ता उपलब्ध गराईनेछ।

(३) कार्य समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ।

(४) समितीले उप समिति वा टोली बनाइ कार्य बाँडफाँड तथा जिम्मेवारी हस्तान्तरण गर्न सक्नेछ।

(५) समितिलाई रामग्राम  नगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को परिच्छेद २ बमोजिमको नगर विपद् व्यवस्थापन समितिलाई भएको सम्पूर्ण अधिकार प्रत्यायोजन गरिएको छ।

५. कार्य समितिका कार्यहरु

कार्य समितिका कार्यहरु देहाय बमोजिम रहेका छन् :

(१) कोषमा रकम जम्मा गर्नका लागि बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्तिहरुसँग सार्वजनिक अपिल गर्ने। यसरी प्राप्त भएको रकम एकद्वार प्रणाली मार्फत खर्च गर्ने व्यवस्था मिलाउने।

(२) कोषमा प्राप्त भएको रकम मध्ये कोरोना भाइरसको रोकथाम तथा उपचार, राहत वितरण, क्वारेन्टाइन तथा आईसोलेसन संचालन र व्यवस्थापन, अलपत्र परेका तथा क्वारेन्टाइन एवं आईसोलेसन सेन्टरबाट बिरामीहरुलाई अस्पताल तथा घर सम्म पुर्‍याउने, औषधी तथा अन्य मेडिकल सामग्री(मास्क,सेनिटाईजर,पिपिई,भिटिएम,नमूना परीक्षण मेशिन लगायतका अन्य सामाग्री) खरिद लगायत समितिले आवश्यक ठानेका क्षेत्रमा प्राथमिकता अनुसार रकम विनियोजन गर्ने र खर्च गर्ने प्रबन्ध मिलाउने।

(३) क्वारेन्टाइन तथा आईसोलेसन संचालन र व्यवस्थापन तथा अन्य कार्यका लागि प्राप्त हुने जिन्सी सामग्रीहरु समेतलाई नगरको एकद्वार प्रणाली मार्फत जम्मा र खर्च गर्न लगाउने ।

(४) राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन,आईसोलेसन सेन्टरको संचालन तथा व्यवस्थापन रोगको रोकथाम तथा उपचारका कार्यहरुको नियमित अनुगमन गर्ने । सुधारका लागि सम्बन्धित पक्षहरुलाई निर्देशन दिने ।

(५) कोषमा रकम अपुग भए नगरपालिका लगायत अन्य निकायमा माग/अनुरोध गर्ने ।

(६) नियमित रुपमा सम्पादित कार्यहरुको समिक्षा गर्ने ।सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने ।

(७) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने ।

५. कोष व्यवस्थापन

(१) रामग्राम नगरपालिकामा कोरोना रोकथाम नियन्त्रण र उपचार कोष संचालनका लागि स्थानीय तह प्रकोप व्यवस्थापन कोष(ग ७-२) खाताबाट खर्च गरिनेछ र कोरोना रोकथाम नियन्त्रण र उपचार कोषको छुट्टै लेखापालन गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहने छ ।

(क) नगरपालिकाबाट प्राप्त रकम

(ख) प्रदेश सकारकाबाट प्राप्त रकम

(ग) संघीय सरकारबाट प्राप्त रकम

(घ) विभिन्न राष्ट्रिय तथा गैर सरकारी निकायहरुबाट प्राप्त रकम

(ङ) संघ संस्थाबाट प्राप्त रकम

(च) बिभिन्न व्यक्तिहरुबाट प्राप्त रकम

(छ) कोषमा प्राप्त हुने अन्य रकम ।

(ज) न.पा.का जनप्रतिनिधि र कर्मचारीहरुबाट प्राप्त रकम

(३) कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखबाट हुनेछ ।

(४) कोषबाट कोरोना भाइरसको रोकथाम तथा उपचार, राहत वितरण, क्वारेन्टाइन व्यवस्थापन,आईसोलेसन सेन्टर स्थापना संचालन र व्यवस्थापन, अलपत्र परेका तथा क्वारेन्टाइनबाट घरमा जानेलाई गन्तव्यमा पुर्याउने, औषधी तथा अन्य मेडिकल सामग्री खरिद, क्वारेन्टाईन,आईसोलेसन सेन्टर एवं कन्ट्याक्ट ट्रेसिंग तथा उपचारमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारी एवं सुरक्षाकर्मी र क्वारेन्टाईन एवं आईसोलेसनमा रहने व्यक्तिहरुका लागि खाना,खाजा ,आवास व्यवस्थापन , कोरोनाबाट पिडित वा पिडितको परिवारलाई नगद राहत लगायत समितिले आवश्यक ठानेका क्षेत्रमा खर्च गरिनेछ ।

(५) कोषको रकम खर्च गर्दा हाल कोरोना भाइरसको संक्रमणबाट महामारी सिर्जना भइ विपद्को समय मा गरिने खर्च सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४१(१),(घ-३) दफा ६६ र नियम १४५मा भएको व्यवस्था बमोजिम खर्च गरिनेछ ।

(६) कोषमा कुनै संघ संस्था,व्यक्ति,दातृ निकायबाट प्राप्त हुने जिन्सी सामाग्री प्राप्त गर्न सक्नेछ । साथै कार्यसमितिको निर्णय बमोजिम वितरण वा खर्च गर्दा एकद्वार प्रणालीबाट गरिनेछ ।

(७) कोषमा भएको आम्दानी र खर्चको नियमानुसार लेखा परीक्षण गरिनेछ ।

६ विविध

(१) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार तथा अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछन् ।

(२) कार्यविधि स्वीकृत हुनु अगावै कोष अन्तर्गत भएका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) कोषका कामलाई प्रभावकारी बनाउन नगरपालिका र वडा कार्यालयबाट आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(४) यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ ।

प्रमाणीकरण मितिः २०७७/५/२५

आज्ञाले
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत